फोन नं: ०८-२५२३५७७
E-mail:-tulsipur@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, तुलसीपुर दाङ

**विषय:- भू-सेवा केन्द्र सञ्चालन सम्वनधी सूचना**

प्रकाशित मिति: २०७७।०४।०१

भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७७/१०/१४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७८/०४/०१ देखि २०७८/०४/३० सम्म **https://public.dolma.gov.np** मार्फत अनलाईन निवेदन पेश गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। भू-सेवा केन्द्र अनुमति र योग्यता तपसिल अनुसार हुनेछ ।

तपशिल:

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसायगर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधार प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| १.नेपाली नागरिक,<br>२. १८ वर्ष उमेर पुरा भएको,<br>३. कम्प्युटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्वन्धी कम्तीमा छ हिनाको तालिम प्राप्त गरेको,<br>४. प्रचलित कानून वमोजिम स्थायी लेखा नम्वर लिएको,<br>५. नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको, | १. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको।<br>२. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई १८ वर्ष उमेर पुरा भएको<br>३. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा प्रविणतापत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको।<br>४. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको,<br>५. कर चुक्ताको प्रमाणपत्र भएको,<br>६. भू-सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको, | १. सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र दफा ७ बमोजिम पुर्वाधार भएको। | १. कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाण पत्र भएका।<br>२. नेपाली नागरिक<br>३. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको।<br>४. कर चुक्ताको प्रमाण पत्र भएको,<br>५. भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको। | १. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको।<br>२. आफ्नो नाममा भएको जग्गाको कित्ता विवरण भू-सूचना प्रणालीमा अध्यावधिक भएको तर भू-सूचना प्रणालीमा देखिएको विवरण र जग्गाधनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनी जग्गाधनीले यस कार्यालयमा आई डाटा अद्यावधिक गराउनु पर्नेछ। |

मालपोत अधिकृत

फोन नं: ०८२-५२३५७७
E-mail:-tulsipur@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय, तुलसीपुर दाङ

❖ **भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार:-**

- ✓ कम्प्युटर
- ✓ प्रिन्टर
- ✓ पावर ब्याकअप सिस्टम,
- ✓ स्क्यानर,
- ✓ भू-सूचना प्रणालीसंग कम्प्याटिवल हुने वायोमेट्रिक डिभाइस, वेव क्यामरा तथा दस्तखत मेशिन र
- ✓ कम्ती मा 2/2 Mbps को Internet Connectivity

❖ **अनुमति पत्रको दस्तुर अवधि तथा नविरकण सम्बन्धि व्यवस्था:-**

✓ साधार प्रयोगकर्तालेे युजर एकाउन्ट खोल्नका लागि यस कार्यालयमा पाँच सय रुपैंया दस्तुर बुझाउनुपर्ने छ। (युजर एकाउन्ट नविकरण नगरेको अवस्थामा अनलाइन प्रणालीबाट स्वत: निक्रिय हुनेछ)

❖ **भू-सेवा केन्द्र सम्वन्धि अनुमति पत्र लिन देहाय बमोजिम दस्तुर लाग्ने छ:-**

- ✓ व्यक्तिको हकमा : रु. ३,०००।- (तीन हजार रुपैंया)
- ✓ संस्थाको हकमा : रु. ५,०००।- (पाँच हजार रुपैंया)

(उक्त दस्तुर यस कार्यालयको राजश्व शिर्षक नं.१४२२९ र खाता नं. १०००१००२०००१०००० मा राष्ट्रिय बाणिज्य बैङ्क तुलसीपुर दाङमा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ। )

❖ भू-सेवा केन्द्र सञ्चालनको अनुमित लिन चाहनें ब्यक्ति वा संस्थाले बैंक धरौटी वापत नेपाल बैंक लि. घोराही दाङ शाखाको खाता नं. ०२७०१०००००२००३००००००१ यस कार्यालयको कोड नं.: ३३६०१५६०३ मा देहाय बमोजिम नगद जम्मा गर्नुपर्नेछ। बैंक ग्यारेन्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिम रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ:-

- ✓ व्यक्तिको हकमा : रु. ५०,०००।- (पचास हजार रुपैंया)
- ✓ संस्थाको हकमा : रु.२,००,०००- (दुई लाख रुपैंया)

❖ स्थानीय तहलाई भू-सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

❖ भू-सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ।

❖ मिति २०७७/११/०२ गते भू-सेवा केन्द्र संचालनको लागि भएको सूचना अनुसार निवेदन दिनुभएका व्यक्तिहरुको हकमा पुनः निवेदन नपर्ने।

खिम वहादुर खड्का
(मालपोत अधिकृत)